**बैठक नं.६०**

आज मिति २०७७/०३/०६ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो ११:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

३०. का.वा. अध्यक्ष-उचित बहादुर गुरुङ,

०७

प्रस्ताव नं.६०.१

बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णय नं.६०.१

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट तयार गरी पेश हुन आएको बार्षिक नीति तथा कार्यक्रम परिमार्जन सहित नगरसभाको सातौ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६०.२

कर तथा गैरकर राजश्व सम्बन्धी विधेयक,२०७७ सम्बन्धमा ।

निर्णय नं.६०.२

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट तयार गरी पेश हुन आएको कर तथा गैरकर राजश्व सम्बन्धी विधेयक,२०७७ परिमार्जन सहित पारितका लागि नगरसभाको सातौ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६०.३

आ.व.२०७७/०७८ का लागि कर शुल्कका दरबन्दी प्रस्ताव सम्बन्धमा ।

निर्णय ६०.३

आ.व.२०७७/०७८ का लागि राजश्व परामर्श समितिबाट सिफारिस भई आएको कर शुल्कका दरबन्दी प्रस्ताव परिमार्जन सहित पारितका लागि नगरसभाको सातौ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६०.४

"घ" बर्गको अनुमति पत्रमा नाम संशोधन सम्बन्धमा ।

निर्णय नं.६०.४

बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७४ मा निर्माण व्यवसायीको नाम सच्याउने,परिवर्तन गर्ने जस्ता प्रावधान नहुदा सेवा प्रवाहमा द्धिविधा भएको हुंदा सम्बन्धित निर्माण व्यवसायीबाट स-साना कागजी त्रुटीहरु सच्याउन वा संशोधन गर्न वा परिवर्तन गर्न अनुरोध भइ आएमा सो वापत रु.२,०००। दस्तुर लिई कार्य गर्न सकिने व्यवस्था कार्यविधिमा संशोधन थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६०.५

जोखिम भत्ता सम्बन्धमा ।

निर्णय नं.६०.५

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम एवं नियन्त्रणका लागि नेपाल सरकारबाट मिति २०७६।१२।११ गतेदेखि २०७७।२।३२ सम्म देश लकडाउनमा रहेको । देश लकडाउनमा रहेको उक्त विशेष परिस्थितिमा पनि राहत वितरण,

फोहरमैला व्यवस्थापन, खानेपानी, विद्युत, दैनिक रुपमा कोरोना नियन्त्रण व्यवस्थापन लगायत प्रशासनिक कार्यहरुका लागि आवश्यक कर्मचारीहरु निरन्तर रुपमा कार्यालयमा उपस्थित भै कार्य गरेको । संघीय सरकारको निर्णय बमोजिम सवै तह र तप्काका कर्मचारीहरुबाट तलव पारिश्रमिकबाट कट्टा हुने गरी राहत कोषमा सहयोग पुऱ्याएको अवस्था छ । संघीय सरकारको निर्णय बमोजिम लकडाउनको अवस्थामा विभिन्न जिम्मेवारीमा खटिने कर्मचारीहरुलाई जोखिमभत्ता उपलब्ध गराउने सम्बन्धी मापदण्ड प्राप्त भएको भए तापनि यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत, महाशाखा प्रमुखहरु र शाखा प्रमुखहरुबाट महामारीको यस विशेष घडीमा उक्त सुविधा नलिई संस्थागत सहयोग पुऱ्याउनका लागि खटिएवापतको जोखिमभत्ता नलिने भनी भएको निर्णयलाई उच्च सम्मान गर्दै उक्त जोखिमभत्ता नलिने र तोकिएभन्दा कम मात्र लिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

साथै लकडाउनको समयमा अति आवश्यकीय काममा खटिएका महाशाखा र शाखा प्रमुख बाहेकका कर्मचारीहरु कार्यालयमा रुजु हाजिर बमोजिम तोकिएको दरमा जोखिम भत्ता उपलब्ध गराउने गरी प्रमुखज्यूवाट नगर कार्यपालिका बैठकमा पेश गर्ने गरी आदेश भएको टिप्पणी अनुमोदन गरियो ।

**प्रस्ताव नं. ६०.६ विविध ।**

**प्रस्ताव नं. ६०.६.१**

सतगढी खोलामा चेक ड्याम निर्माण गर्ने सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.६०.६.१**

बुटवल उपमहानगरपालिका वडा नं.१२ स्थित सतगढी खोलामा चेक ड्याम निर्माण गरी नदी प्रणालीलाई व्यवस्थित गर्नका लागि प्राविधिकबाट तयार भई आएको ल.ई.रु.१५,७०,२७३।६७ को कार्य वडा कार्यालयबाटै सम्झौतागरी कार्यान्वयन गर्ने गरी मिति २०७७/०२/२५ मा प्रमुखज्यूबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६०.६.२**

जग्गाको रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण सम्बन्धमा ।

**निर्णय नं.६०.६.२**

यस उप महानगरपालिका क्षेत्रभित्र आ. व. ०७७/०७८ मा जग्गाको रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारणका लागि श्री मालपोत कार्यालय वुटवलको मिति २०७७/०२/२२ गते च.नं.११०९३ को पत्रवाट भएको पत्राचार र राजश्व परामर्श समितिवाट भएको सिफारिशका आधारमा उक्त प्रयोजनका लागि यस आ.व.का लागि तोकिएको न्यूनतम मूल्यमा वुटवल उप महानगरपालिका तिनाउ खोला पूर्व १० प्रतिशत र तिनाउ पश्चिम ५ प्रतिशतले वृद्धि गर्न मालपोत कार्यालयमा सिफारिश गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवै लाई धन्यवाद दिदै प्रमुखज्यु बाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।